स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही भदौ २९ गतेबाट प्रदर्शनमा आउन लागेको झरना थापाद्वारा निर्देशित यो फिल्ममा अभिनेता विपिन कार्कीले तेस्रो लिङ्गीको भूमिका निर्वाह गरेका छन् । उनले पहिलो पटक यसखालको भूमिकामा आफूलाई ढालेका हुन् । जसले गर्दा उनलाई स्वभाविक रुपमा चुनौती ठूलो थियो । उनले भने, 'मलाई हरेक भूमिका चुनौतीपूर्ण नै लाग्छ । यो त झन् लैंगिक हिसाबले समेत फरक भूमिका भएकाले अझ बढी चुनौती महसुस भएको थियो । त्यो वातावरण निर्देशक झरना थापाले दिलाइदिनुभएको थियो । त्यो हिसाबले चरित्रमा ढल्न मलाई सजिलो पनि भयो ।'

**आजको विचार...**



राम कार्की

राष्ट्रिय...
(दुई पेजमा)



लामो प्रेम सम्बन्धलाई टुंग्याएका अभिनेता सौगात मल्ल र सृष्टि श्रेष्ठ ब्रेकअपपछि पहिलोचोटी एक सार्वजनिक कार्यक्रममा आमने-सामने भएका छन् । इटालीको 'भेनिस फिल्म फेस्टिभल'मा सहभागी हुने क्रममा उनीहरु एकसाथ देखिएका हुन् । उनीहरुको मुख्य भूमिका रहेको फिल्म 'द रेड सुटकेस' को उक्त फेस्टिभलमा साँझ विश्व प्रिमियर हुँदैछ । फेस्टिभलमा उनीहरुबीच 'हाई हेल्लो' समेत नभएको त्यहाँ पुगेका एक प्रतिनिधिले जानकारी गराए । यद्यपि, अन्तर्राष्ट्रिय मिडियालाई तस्वीर खिचाउने क्रममा दुवैलाई एकसाथ उभिनुपर्ने बाध्यता आइलागेको थियो ।

❐ वर्ष २९ ❐ अंक ५५ ❐ २०८० भदौ २४ गते आइतबार 10 September 2023, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### अझै केही दिन वर्षा हुने

**पाल्पा,** भदौ २३/मनसुनी गतिविधि सक्रिय रहेकाले अझै केही दिन वर्षा हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मनसुन न्यूनचापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेकाले केही दिन वर्षा हुने बताइएको हो ।


नेपालमा हाल भारतको मध्यप्रदेश र आसपासका क्षेत्रमा रहेको न्यूनचापीय प्रणालीको समेत आंशिक प्रभाव रहेकाले बदली र वर्षा भइरहेको महाशाखाले जनाएको छ । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा आगामी दुई दिन देशका केही स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको छ । हाल देशभर सामान्य बदली रही कोशी, मधेस, बागमती, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मयम वर्षा भइरहेको छ । शनिबार दिउँसो बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको भएको थिउो । साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशको एक दुई स्थानमा भारी वर्षा समेत भएको थियो । मधेस प्रदेशलगायत बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भूभागका थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको छ । रातिको समयमा पनि बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै मधेस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको एक दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना रहेको छ ।

# पाल्पामा आत्महत्या चुनौती बन्दै, रोकथामका लागि कसले के गर्ने ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २३/ पाल्पामा आत्महत्या चुनौतीको रुपमा देखा परेको छ । आत्महत्या गर्नेक्रम वर्षेनी बढेको अवस्थामा त्यसलाई न्यूनिकरण गर्न अपनाइएका सबैखाले प्रयास असफल हुँदै जाँदा यो चुनौतीका रुपमा देखा परेको हो ।

जानी जानी ज्यान फाल्ने अर्थात् आत्महत्या गर्नेक्रम नरोकिँदा सरोकारवाला निकाय चिन्तित छन् भने शोकमा डुब्ने परिवार सदस्य बाँचुञ्जेल कलंकको टीका लाउन बाध्य छन् । युवा वर्गमा बढ्दो निराशा, बेरोजगारी, दीर्घरोग, गरिबी, प्रेम सम्बन्ध तथा आवेगका कारण आत्महत्या जटिल र चुनौतीपूर्ण बन्दै गएको छ । बालबालिका तथा किशोर किशोरीले आवेग र प्रेम सम्बन्धका कारण आत्महत्या गर्ने गरेका छन् भने महिला तथा ज्येष्ठ नागरिकले दीर्घरोग, निराशा र बेरोजगारीका कारण आत्महत्या गर्ने गरेका छन् । जिल्लामा आर्थिक वर्ष २०७८/०७९ यता १ सय ७४ जनाले मृत्युको अप्रिय बाटो रोजेका छन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/०७९ मा ७२ , २०७९/०८० मा ८५ र चालु आर्थिक वर्षको भदौ २३ गतेसम्म १७ जनाले आत्महत्या गरेका हुन् । जसमा पुरुष




बढी रहेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार १ सय १३ जना पुरुष, ५० जना महिला, ८ जना बालिका र ३ जना बालकले आत्महत्या गरेका छन् । तथ्याङकलाई हेर्ने हो भने हरेक वर्ष आत्महत्याका घटना बढेका छन् । सबैभन्दा धेरै मानिस झुन्डिएर आत्महत्या गरेका छन् । आत्महत्याको तथ्याङकलाई हेर्दा विष खाएर, हाम्फालेर र झुन्डिएर आत्महत्या गर्नेहरु रहेका छन् । गरिबी र दीर्घरोगका कारण आत्महत्या गर्ने गरेको जिल्ला प्रहरी कार्यालय प्रहरी उपरीक्षक हेरम्व शर्माले बताए । उनले भने, 'बालबालिका र किशोर-किशोरीले आवेग र प्रेम सम्बन्धका कारण आत्महत्या गरेको पाइएको छ ।' लुम्बिनी प्रदेशले समेत जिल्लाको आत्महत्याको अवस्थालाई विशेष प्राथमिकताका साथ हेरेको एसपी शर्माले बताए । आत्महत्यासम्बन्धी समस्या यहाँको प्रमुख समस्याका रूपमा रहेको उनले बताए । यस्ता घटनालाई न्यूनीकरण गर्न स्थानीय जनप्रतिनिधि, स्थानीय सरकार, अभिभावकलगायत सरोकारवाला पक्ष सचेत हुनुपर्नेमा उनले जोड दिए । एसपी शर्माले भने' हामीले प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विद्यालयस्तरमा आत्महत्या सम्बन्धी सचेतनाका कार्यक्रम सञ्चालन गर्ने गरेका छौं,तर यतिले मात्र हुँदैन गाउँ -गाउँमा सचेतनाका कार्यक्रमहरु पुऱ्याउन जरुरी छ ।'

**न्यूनीकरणका लागि के गर्ने ?**

दिनहुँजसो सामूहिक र एक्लै आत्महत्याका घटना भइरहेका र यस्ता अपराध हुन नदिन सम्बन्धित व्यक्ति नै बढी संवेदनशील हुनुपर्ने अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृत बताउँछन् । उनले आत्महत्यालाई सामाजिक विकृति र समस्याका रुपमा लिएर जनचेतनामूलक कार्यक्रमलाई गाउँ/टोलसम्म पुऱ्याउनुपर्ने र तथा पारिवारिक सम्बन्ध बिग्रन र मनमुटाव कम गराउने कार्यक्रम ल्याउन आवश्यक रहेको बताए । समस्या र चुनौतीको सामना गर्ने क्रममा झेल्नु परेका कठिनाइले मानिसमा नैराश्यता र आवेग/ प्रतिशोधजन्य परिस्थिति उत्पन्न हुने उनी बताउँछन् । 'जसले कठिनाई, समस्या र चुनौतीसँग जुध्ने धैर्यता र संवेदना देखाएर दिमागलाई सामान्य अवस्थामा राख्न सक्छ, उसले दिमागलाई सामान्य अवस्थातिर लैजान्छ,' उनी भन्छन्, 'जसले आवेग र उत्तेजनाको सहज व्यवस्थापन गर्न सक्तैन, उबाट हो, अकल्पनीय अवस्था आउने ।' घरपरिवारमा कसैको स्वभावमा आकस्मिक परिवर्तन आएको देखिए तत्काल मनोपरामर्शमा लैजानेदेखि त्यस्ता व्यक्तिलाई स्वभाव सामान्य अवस्थामा नआएसम्म एक्लै छोड्न नहुने उनको सुझाव छ । आत्महत्या दुःखद दुर्घटना र अकाल मृत्यु हो भन्ने कुरा जनचेतना बढाउन आवश्यक छ । आत्महत्याको सोच स्वास्थ्य समस्याको समयमै निराकरण नहुँदाको परिणाम हो, जुन सोचलाई व्यवस्थापन गर्न सकिन्छ भन्ने कुराको मार्गदर्शन गर्न सकिन्छ ।

## बस दुर्घटनामा सातको मृत्यु




**नेपालगञ्ज,** भदौ २३/बाँकेको राप्तीसोनारी गाउँपालिका-८ शमशेरगञ्जमा भएको बस दुर्घटनामा सात जनाको मृत्यु भएको छ । सो दुर्घटनामा २९ जना घाइते भएका छन् । तीमध्ये दुईको अवस्था गम्भीर छ ।

मृत्यु हुनेमा बर्दियाको ठाकुरबाबा नगरपालिका-९ का ५० वर्षीय काशीराम थारु, ५५ वर्षीया कस्तुरी थापा, ५० वर्षीया रुपा परियार, करिब ४० वर्षीया जयन्ती थारु, वडा नं ७ का ६५ वर्षीय चानुराम थारु, वडा नं ८ का ४५ वर्षीय जुगबहादुर चन्द र नामथर वतन नखुलेका गाडीस्टाफ ३५ वर्षीय पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । पूर्वपश्चिम लोकमार्गको सडक किनारमा बिग्रेर रोकेको ना ८ ख ६४०५ नम्बरको ट्रकमा पूर्वबाट पश्चिमतर्फ आइरहेको ना ७ ख २३२१ नम्बरको बस ठोक्किन गई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक नारायण डाँगीले जानकारी दिए । बसमा दाङको धारापानी भ्रमणबाट फर्किएका ४१ जना सवार थिए । बस बेतहनी सामुदायिक वन उपभोक्ता समिति ठाकुरबाबा, बर्दियाको रहेको बताइएको छ । घाइते २९ को नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । **-रासस**

## आज बीपी जयन्ती : सम्झनामा पाल्पा, गुल्मीसहित देशभर कार्यक्रम हुँदै

**पाल्पा,** भदौ २३/ प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको ११० औं जन्मजयन्ती विभिन्न कार्यक्रम गरी आज देशभर मनाइँदैछ । कोइरालाको जन्मजयन्तीका अवसरमा नेपाली काँग्रेस र पार्टीका भ्रातृ संगठनले देशभर कार्यक्रम तय गरेका छन् ।

पाल्पा र गुल्मी काँग्रेसले बीपी जयन्तीका लागि एक हप्ता अघि नै कार्यक्रम सार्वजनिक गरेको थियो । बीपीको सम्झना गर्दै बीपी विचार गोष्ठी कार्यक्रम आयोजना गरिएको नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले बताए । उनका अनुसार जननायक कोइरालाको जन्मजयन्तीमा तानसेनस्थित पार्टीको जिल्ला कार्यालयमा बीपीको प्रतिमामा माल्यार्पणसँगै विचार गोष्ठी राखिएको छ । उता गुल्मी काँग्रेसले पनि स्थानीय, प्रदेश, क्षेत्र र जिल्लामा छुट्टाछुट्टै कार्यक्रम गर्न लागेको छ । आज जिल्ला कार्यसमितिले काँग्रेस रेसुङ्गा नगर समितिको समन्वयमा जिल्ला अस्पताल गुल्मीमा भर्ना भएका बिरामीहरु र उपल्लो तम्घास माध्यमिक विद्यालयमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरुलाई फलफुल वितरण गर्न



लागेको पार्टी सचिव जगदीश भट्टराईले बताए । उनका अनुसार नेपाली काँग्रेस पालिका, प्रदेश र क्षेत्रीय समितिहरुले स्थानीय रेडियो, टेलिभिजन, अनलाईन वा कुनै पनि सञ्चारका माध्यमबाट महामानव बीपी कोइरालाका विषयमा परिसंवाद गर्ने, गराउँने, सार्वजनिक स्थलहरुको सरसफाई, विद्यालय, स्वास्थ्य संस्था, वृद्धाश्रम, धार्मिक संस्थामा सहयोग र फलफुल वितरण गर्ने, वीपी स्मृति दिवसमा रोपिएका विरुवाहरुको गोडमेल, मलजल तथा संरक्षण गर्ने कार्यक्रम तय भएको छ ।

**बीपीको यस्तो छ जीवनी**

नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर संघर्ष गरेका कोइरालाको विसं १९७१ भदौ २४ गते जन्म भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उनका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशम्शेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो । भारत निर्वासनमै बीपीले भारतको स्वतन्त्रता संग्राममा पनि भाग लिए ।

भारत स्वतन्त्र भएपछि नेपालमा प्रजातन्त्र स्थापनाका लागि सहज हुन्छ भन्ने सोचले उनी त्यो आन्दोलनमा सक्रिय बने । भारत निर्वासनकै क्रममा जहानियाँ राणा शासनको अन्त गर्न विसं २००३ मा बीपीको नेतृत्वमा नेपाली राष्ट्रिय काँग्रेस स्थापना भएको थियो । प्रजातन्त्र स्थापनाको मुख्य लक्ष्य लिएर सुवर्ण शम्शेरको नेतृत्वमा विसं २००६ मा स्थापना भएको नेपाल प्रजातन्त्र कांग्रेसका बीच एकता भएपछि विसं २००७ को क्रान्ति सफल भयो । क्रान्तिको सफलतापछि मोहन शम्शेरको नेतृत्वमा बनेको राणा-काँग्रेस सरकारमा बीपी गृहमन्त्री बने । विसं २०१५ को आम निर्वाचनमा काँग्रेसले दुईतिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरेका थिए ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## आत्महत्या रोकथाममा जुटौं

आज सेप्टेम्बर १० अर्थात् विश्व आत्महत्या रोकथाम दिवस । 'कार्यहरू मार्फत आशाहरू सिर्जना गर्दै' भन्ने नाराका साथ आज यो दिवस मनाइदैछ । सामान्य अर्थमा आफैंले आफ्नो हत्या गर्नु नै आत्महत्या हो । प्रायः मानसिक तनाव तथा पीडा थेग्न नसकी बाँच्नुभन्दा मर्न सजिलो ठानेर मानिसले आत्महत्या गर्छन् तर यस किसिमको पीडा नहुँदा पनि मानिसले रिसको आवेगमा आत्महत्या गरेको पाइन्छ । आफैंलाई हानीनोक्सानी गर्ने सोचविचार, आशय, आवेग, प्रयास र त्यसबाट ज्यान जाने अवस्था आफैंमा दुःखद् र विष्मयपूर्ण छ ।

यद्यपि यो समस्या विश्वभरी नै व्याप्त छ । नेपाल आत्महत्याको समस्याको हिसाबले हेर्दा समस्याग्रस्त राष्ट्रमा पर्छ । हिजोआज आत्महत्याका जैविक, मनोसामाजिक तत्वहरु हामीकहाँ बचावट गर्ने किसिमले भन्दापनि आत्महत्यातिर दोहऱ्याउने हिसाबले बढ्दै गएको पाइन्छ । यो अत्यन्त दुखको कुरा हो । सबैभन्दा धेरै मानिस झुन्डिएर आत्महत्या गरेका छन् । यसरी आत्महत्या गर्नुमा पछिल्लो समय सबै खालका मानसिक तनाव मुख्य कारण मानिएको छ । कोभिड महामारीपछि झन् आत्महत्या घटना बढेका छन् । आर्थिक संकट विकराल बन्दै जाँदा मानिसमा नैराश्यता उत्पन्न हुने गरेकाले आत्महत्या गर्नेको संख्या बढेको हो । केहि गरेर आत्महत्याका विचार आएमा वा प्रयास हुन पुगेमा अन्तरनिहित कारण मानसिक रोग, तनाव र अन्य मनोसामाजिक तत्वहरु केलाएर उपचार र व्यवस्थापन गर्नतिर सबै लाग्नु अहिलेको आवश्यकता हो । आत्महत्यालाई कानूनी अपराधको रुपमा हेरेर आवश्यक स्वास्थ्य सेवालाई निरुत्साहित गर्दा समस्या ज्यूँका त्यूँ रहने कुरा अब पनि नेपाली समाजले नबुझ्ने हो भने यो समस्या अरु बढी बिकराल बन्ने देखिन्छ । आत्महत्याको रोकथाममा परिवार, समाज, साथी संगीहरुको पनि उत्तिकै भूमिका रहेको हुन्छ । आत्महत्याको जोखिम बढी भएका व्यक्तिसँग मायालु व्यहार गर्ने, उनीहरुको मनको कुरा सुनिदिने, काममा सहयोग गरिदिने, आत्महत्याको लक्षण देखिएमा बेवास्ता नगरी उपचार प्रक्रियामा घरपरिवारका सदस्य तथा साथी भाइहरुले सहयोग गर्नुपर्छ । यसो हुन सक्यो भने पनि केही हदसम्म आत्महत्याका घटनाहरुमा कमी ल्याउन सकिन्छ । यसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

कुनै बिकल्प नछोडि चारैतिरबाट असफलताको घेरवारले घेरेको बेला सल्लाह दिने होइन नि मित्र साथ दिनेको खाचो परेको हुन्छ ।

(सन्तोष पेखरेलको फेसबुक स्टाटस https://www.facebook.com/santosh.pokharel)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ : बीपी जयन्ती

# राष्ट्रिय एकता तथा मेलमिलाप नीति भौगोलिक अखण्डताको कवच



राम कार्की
karki.ram123@gmail.com

संघर्ष, आन्दोलनका विविध स्वरुप अवलम्वन गरे पनि अन्तत्वोगत्व शान्तिपूर्ण आन्दोलनको बलमा नै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न नेपाली जनता सफल भएका छन् । तसर्थ राष्ट्रिय एकता तथा मेलमिलापको नीतिलाई लोकतान्त्रिक आन्दोलनको कोशेढुंगा मान्न सकिन्छ । यो नीतिको अवलम्वन पश्चात पनि तत्कालिन शासकको दमन, धरपडकका बावजुद नेपाली काँग्रेसका नेता, कार्यकर्ताहरु गाउँ–गाउँका कुनाकाप्चासम्म पुगेर जनतासँग जोडिने, संगठीत हुने र आन्दोलित गराउने अभियानमा अनवरत क्रियाशील रहे, जसले गर्दा लोकतन्त्रका पक्षमा जागरण फैलाउन सफल भए ।

नेपालका प्रथम जन निर्वाचित प्रधानमन्त्री तथा नेपाली कांग्रेसका संस्थापक नेता, जननायक विश्वेश्वरप्रसाद कोईरालाको ११० औं जन्मजयन्तीका अवसरमा आज पाल्पा सहित देशभर साहित्य महोत्सव, गोष्ठी सहितका साहित्य तथा वैचारिक मन्थनका कार्यक्रम गरेर उहाँबाट प्रतिपादित सिद्धान्त, नीतिको स्मरण एवं सम्मान गरिदैं छ । नगर, शहर, गाउँ–गाउँका कुना कन्धरादेखि विदेशमा रहेका नेपाली दाजभाईले आज वीपीलाई सम्झँदै छन् । आजको दिन सर्वप्रथम उहाँप्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दै उहाँलाई जन्मदिने श्रद्धय आमाबुवालाई पनि स्मरण र सम्मान गर्नै पर्छ । जतिबेला यो लेखका लेखकमा राजनीतिक चेतना आउँदै थियो त्यतिबेला जननायक बीपी कोईरालालाई भौतिक रुपमा नजिकबाट भेट्ने वा देख्ने मौका त पाउन सकिएन, यद्यपी उहाँप्रति अपार श्रद्धा, सम्मान थियो मनमस्तिष्कमा । त्यतिबेला अग्रजहरुबाट उहाँको नेतृत्व, संघर्ष, त्यागका अनेकौ प्रसंग सुन्दा रोमाञ्चित हुन्थ्यौं हामीहरु ।

तत्कालिन समयमा लुकाईछिपाई पुऱ्याईएका बुलेटिन, पत्रिका, पुस्तक आदिका माध्यमबाट उहाँको विचार, दृष्टिकोण बारेमा अध्ययन गर्ने अवसर यदाकदा पाईन्थ्यो । अहिलेजस्तो सञ्चारको सर्वसुलभता नभएको त्यो क्षण बीपी कोईरालाको सिद्धान्त बुझ्न बुलेटिन, पुस्तक नै सहारा थिए । वास्तवमा उहाँले साहित्यका माध्यमबाट समाजका विकृति उजागर गर्दै रुपान्तरणका निम्ति दिएका सन्देश हुन वा राजनैतिक विद्रोहको नेतृत्व गर्दै नेपालमा प्रजातन्त्रको स्थापनाका लागि गरेका त्याग, संघर्ष, सिद्धान्तबाट प्रभावित भएर कठीन परिस्थितिमा पनि लाखौ मानिस जीवन उत्सर्ग गर्न तयार भएकाले निरंकुश एकतन्त्रिय शासन समाप्त गरी आधुनिक नेपालको विजारोपण गर्न संभव भएको हो । त्यही संघर्षको जग,बलमा निरन्तर संघर्ष, आन्दोलनका माध्यमबाट सात दशकपछि मुलुकले राजनैतिक कोर्ष लिएको छ र देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । संघर्षका लामो श्रृंखलामा जननायक बीपी कोइरालाले प्रतिपादन गर्नुभएको राष्ट्रिय एकता तथा मेलमिलापको नीति नेपालको लोकतान्त्रिक आन्दोलनका लागि टर्निङ. प्वाईन्ट बन्न पुगेको छ । बीपी कोइरालाले त्यति बेला मेलमिलाप नीतिको आवश्यकता किन महसुस गर्नुभएको होला ? वर्तमान समयमा यो नीतिको सान्दर्भिकता के होला ? लगायतका विषयमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

**राष्ट्रिय एकता र मेलमिलाप नीति किन ?**

विगत २००७ सालमा नेपाली काँग्रेसको नेतृत्वमा भएको क्रान्तिले निरंकुस राणाशासनको अन्त्य र प्रजातन्त्र स्थापना गर्न सफल भए पनि त्यसपछिका दिन लोकतन्त्रका निम्ति प्रतिकुल रहे । दरवारिया राजनैतिक दाउपेचले पैदा भएको अस्थिर राजनीतिका बाबजुद पटक-पटकका आन्दोलनको दवावले सम्पन्न २०१५ को संसदीय निर्वाचनमा दुई तिहाई बहुमत प्राप्त नेपाली काँग्रेसका सरकारलाई तत्कालिन राजा महेन्द्रले अपदस्त गर्दै प्रजातान्त्रिक पद्धतिको गला घोट्ने दुस्साहस भयो । जननिर्वाचित प्रधानमन्त्री बीपी कोईराला समेतका नेताहरु बन्दी बनाईए । अन्य नेता कार्यकर्ता माथि धरपकड, दमन चरम भयो, पार्टीको ठूलो पंक्ति निर्वासनमा रहन विवश रह्यो ।

बीपी कोइराला करीब ८ वर्ष कारावासपछि पनि मुलुकभित्र बस्न प्रतिकूल रहेको कारण भारत निर्वासनमा रहेर लोकतन्त्रको पुर्नस्थापनाका लागि सशस्त्र संघर्षको आह्वान गर्दै नेपाली जनतालाई आन्दोलित गर्ने प्रयास गरिरहनु भयो । त्यसैबीच २०३१ साल पौषमा भारत, पटनामा आयोजित पत्रकार सम्मेलनमा बीपी कोईरालाले नेपालमा राष्ट्रिय एकताको अभाव रहेकाले देशको राष्ट्रिय अस्तित्व संकटमा रहेको, विदेशी तत्व कुचक्र चलाउन र अन्तर्राष्ट्रिय षडयन्त्रका अखडा बनाउन सफल हुन थालेको दर्शाउदै संकटको घडीमा मतभिन्नता विर्सेर एकताको शुत्रमा बाँधिनु पर्ने भनी अपिल गर्दै राष्ट्रिय एकता तथा मेलमिलापको नीति सहित ज्यानको जोखिम मोलेर स्वदेश फर्कनुभएको विदितै छ । बीपी कोईरालाले यो निर्णय र नीति लहडमा आएर लिईएको वा आत्मसमर्पण गरेका होइनन्, वास्तवमै राष्ट्र र राष्ट्रियता संकटमा पुगेकाले हो भन्ने कुरा बीपी कोईरालाले निर्वासनमा कार्यकर्ता माझ व्यापक चर्चा, परिचर्चा चलाएर निर्णय लिएबाट पनि पुष्टी हुन आउछ । त्यतिबेला राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय क्षेत्रमा घटेका घटनाक्रम, परिस्थितिले धेरै देशहरुमा संकटका कालो बादल मडारिएको अनुभूति राजनीतिक विश्लेषकहरुले गरेकै हुन् । भारतमा इन्दिरा सरकारले संकटकाल घोषणा, सिक्किमको भारतमा विलय, बंगलादेशमा राष्ट्रपति मुजिबर रहमानको हत्या, विभिन्न देशमा सैनिक हस्तक्षेप लगायतका घटनाक्रमहरुबाट एशियाली देशमा पनि अस्थिरता बढ्दै गएको थियो । यसै पृष्ठभूमिमा नेपालको आन्तरिक राजनीतिमा सीमित वर्गले राजनीतिमा जोडिएको ठूलो पंक्तिलाई निर्वासनमा जान बाध्य पारेर तत्कालिन राजा र जनता बीच दरार पैदा गर्न तल्लीन रहेको, राजनैतिक नेता, कार्यकर्ताको हत्या समेतका जनविरोधी क्रियाकलाप बढाउँदै लगेको र राजालाई जनविरोधी कदम चाल्न उक्साएर मुठभेडको राजनीतिमा जवरजस्त देशलाई होम्दै राष्ट्रिय शक्ति, राष्ट्रवादीहरु बीच बेमेल, अन्ततः द्वन्दमा बढाउन अदृष्य शक्ति लागेको महसुस गरेर बीपी कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको नीति अवलम्वन गर्ने निष्कर्षमा पुग्नभएको देखिन्छ ।

**मेलमिलाप नीति संघीय लोकतान्त्रिक आन्दोलनको कोसेढुंगा :** राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर बीपी कोईराला लगायतका नेता, कार्यकर्ता स्वदेश प्रवेश गरेसँगै राजनीतिले नयाँ कोर्स लिएकोमा दुईमत हुँदैन होला । पटक-पटक सशस्त्र संघर्ष गरेको नेपाली काँग्रेस यो नीति अवलम्वन गरेकाले नै तत्पश्चातका आन्दोलनको स्वरुपमा शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनको बाटो अपनाएको हो । संघर्ष, आन्दोलनका विविध स्वरुप अवलम्वन गरे पनि अन्तत्वोगत्व शान्तिपूर्ण आन्दोलनको बलमा नै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न नेपाली जनता सफल भएका छन् । तसर्थ राष्ट्रिय एकता तथा मेलमिलापको नीतिलाई लोकतान्त्रिक आन्दोलनको कोशेढुंगा मान्न सकिन्छ । यो नीतिको अवलम्वन पश्चात पनि तत्कालिन शासकको दमन, धरपडकका बावजुद नेपाली कांग्रेसका नेता, कार्यकर्ताहरु गाउँ-गाउँका कुनाकाप्चासम्म पुगेर जनतासँग जोडिने, संगठीत हुने र आन्दोलित गराउने अभियानमा अनवरत क्रियाशील रहे, जसले गर्दा लोकतन्त्रका पक्षमा जागरण फैलाउन सफल भए । त्यसैको आलोकमा उठेको विद्यार्थी आन्दोलनको दवाबमा तत्कालिन राजा जनमत संग्रह घोषणा गर्न बाध्य भए र जनमत संग्रह प्रजातन्त्र पुर्नस्थापना आन्दोलनको प्रस्थानविन्दु हुनपुग्यो । अन्ततः नेपालको राजनीतिमा शान्तिपूर्ण आन्दोलन नै लोकतान्त्रिक संघर्षको मुल नीति बन्न पुग्यो । दक्षिणपन्थी र वामपन्थी शक्ति समेत शान्तिपूर्ण आन्दोलनको मार्गमा हिड्न सहमत भए र लोकतान्त्रिक आन्दोलन तार्किक निष्कर्षमा पुगेको हो । नेपाली काँग्रेसको नेतृत्वमा शान्तिपूर्ण रुपमा भएको २०४६ सालको जनआन्दोलन हुँदै २०६२/०६३ को ऐतिहासिक दोस्रो जनआन्दोलनबाट नेपालको सार्वभौम र राजकिय शक्ति नेपाली जनतामा निहित गराउन तथा समाजवाद उन्मुख संविधान तर्जुमा गर्न सफलता मिलेको छ । यो सात दशक लामो लोकतान्त्रिक संघर्षकै उच्चतम सफलता हो । यथार्थमा राष्ट्रिय एकता तथा मेलमिलाप नीति लोकतान्त्रिक संघर्षका निम्ति सही मार्गदर्शक सिद्ध भएको छ ।

**मेलमिलाप नीतिको सान्दर्भिकता :** नेपालको भू- राजनैतिक अवस्था र रणनैतिक महत्व , पछिल्ला दिनमा क्षेत्रीय, अन्तर्राष्ट्रिय शक्तिहरुको नेपालप्रति बढ्दो चासो, दृष्टिकोण र व्यवहार, छिमेकी मित्रराष्ट्रहरुसँगका समस्या वर्तमान समयमा अझ पेचिला एवं संवेदनशील बन्दै गएको अवस्था छ । त्यसैगरी आन्तरिक रुपमा पहिचानका सवाल, विखण्डनकारी, पृथकतावादी उग्र चिन्तनले टाउको उठाउन खोज्ने प्रवृति, घोर दक्षिणपन्थी तथा अति उग्र वामपन्थी सोच, मूलधारका राजनैतिक शक्तिहरु र तिनका नेतृत्व प्रति जनतामा रहेको निरासा, अविश्वास, अर्थ व्यवस्थामा देखा परिरहेको असन्तुलनले पैदा गरेको नागरिकहरुको विग्रदो आर्थिक अवस्था आदि परिस्थितिको चर्चा, परिचर्चा गर्दा देश संकटको दिशातर्फ उन्मुख देखिन्छ । आपसी वेमेल पक्कै पनि अरुका लागि खेल्ने अवसर बन्न सक्दछ । तसर्थ राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखा परेका परिदृष्य आम नागरिक, राष्ट्रवादी शक्तिहरुका लागि चिन्ताको विषय हुनुपर्दछ । राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, भौगोलिक अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय स्वार्थको रक्षार्थ तथा जनताको हितका निम्ति राष्ट्रवादी शक्ति बीच राष्ट्रिय एकता बलियो हुन अपरिहार्य छ । यही एकताको बल र जगमा नै जुनसुकै शक्तिले उत्पन्न गर्ने समस्या र अवरोधको सामना गर्न नेपाल र नेपाली जनता सक्षम हुने छन् । राष्ट्रिय एकता र मेलामिलाप नीतिको सान्दर्भिकता वर्तमान समयमा पनि अझ बढ्दै गएको र यसलाई व्यवहारमा सबै राष्ट्रवादी शक्तिहरुले अवलम्वन गर्न आवश्यक रहेको छ । जननायक बीपी कोईरालाको जन्मजयन्तीका अवसरमा मुलुकको अखण्डताको रक्षा र जनताको लोकतान्त्रिक अधिकार संस्थागत गर्न राष्ट्रवादी शक्ति एकजुट हुने प्रण गरौं, यसैमा नै नेपाल र नेपाली जनताको भलो हुनेछ ।

**(लेखक नेपाली काँग्रेस महासमिति सदस्य तथा लुम्बिनी प्रदेशका आमन्त्रित सदस्य समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजनैतिक, सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । | **तुला** : घर व्यवहारमा झमेला रहला, तर साँझमा मन प्रसन्न रहला । |
| **वृष** : अचल सम्पत्तिको कारोबार हुनेछ । दाम्पत्य जीवन सुखमय रहनेछ । | **वृश्चिक** : शुभ कार्यमा सरिक भईनेछ । नयाँ बिजनेश प्लान बन्नेछ । |
| **मिथुन** : अधिक सुखद् रहनेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । | **धनु** : सामाजिक कार्यमा मन जाला । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । |
| **कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **मकर** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । |
| **सिंह** : लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ । | **कुम्भ** : आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । |
| **कन्या** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइनेछ । | **मीन** : महिलाहरूबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । |

# गौं हत्याको विरोधमा तानसेनमा र्‍याली निकालिदैं



**पाल्पा,** भदौ २३/गौं वंश हत्याको विरोधमा आज पाल्पाको तानसेनमा वृहत्त शान्तिपूर्ण र्‍याली निकाल्न लागिएको छ । विश्व हिन्दु महासंघ पाल्पा र ॐकार परिवारले गौं हत्याको विरोधमा वृहत्त र्‍याली निकाल्न लागेका हुन् ।

हिन्दु महासंघले शनिबार तानसेनमा पत्रकार सम्मेलन गरी शान्तिपूर्ण र्‍याली निकाल्न लागिएको जनाएको छ । गौं वंशका हत्यारा र धर्मान्तरण गराउने अपराधीहरुलाई शीघ्र नियन्त्रणमा लिएर कडा कारवाहीको माग गर्दै दवाबमूलक शान्तिपूर्ण र्‍याली निकाल्न लागिएको महासंघका जिल्ला अध्यक्ष कमल पौड्यालले बताए । उनले भने 'नेपालको संविधानले गाईलाई राष्ट्रिय जनावरको मान्यता दिए पनि सामाजिक सद्भाव खलबलिने गरी वर्तमानमा भएको गौं वंश हत्या र सामाजिक सञ्जालहरुमा छरपष्ट रुपमा प्रचार-प्रसार भइरहेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । '

राज्यको संविधानले संरक्षण गरेको गौं वंश बधले संविधानको मर्यादा खुलेआम उलङ्घन हुँदा सरकार मुखदर्शक हुनु दु:खद् भएको भन्दै आफुहरु शान्तिपूर्ण आन्दोलनमा उत्रिएको अध्यक्ष पौड्यालले बताए । सामाजिक सद्भाव कायम राख्नका निम्ति आफ्नो आवाज उठाउन बाध्य भएको उनको भनाई छ ।

अध्यक्ष पौड्यालले गाई काट्नु र संविधान जलाउनु एउटै भएको भन्दै त्यसतर्फ सरकार गम्भीर बन्नुपर्ने बताए । उनले भने,'जलिरहेको संविधानमा सरकारको आखाँ र कान पुगोस् भन्ने उद्देश्यले चरणबद्ध आन्दोलनका कार्यक्रमा गरेको हौं ।' शान्ति सद्भाव कायम गरिनुपर्ने हिन्दु महासंघका केन्द्रीय सदस्य भीमलाल भट्टराईले बताए । उनले भने,'संविधान अनुसार देश चल्नु पर्छ । हामीले केही लाद्न खोजेका छैनौं । सबै जातजाति, लिंग, धर्मको देश हो । कसैले कसैलाई अपमान गर्न हुँदैन ।' गौं वंश हत्याको भर्त्सना गरौं, हिन्दु राष्ट्र नेपाल कायम गरौं, संवैधानिक कानुनको पालना गर, सामाजिक सद्भाव कायम गरौं लगायतका नारा सहित दवाबमूलक शान्तिपूर्ण सद्भाव र्‍याली निकाल्न लागिएको महासंघका प्रदेश सदस्य एवं ब्रहामण समाज पाल्पाका अध्यक्ष धर्मचन्द्र नेपालले बताए । उनका अनुसार तानसेनको टुंडीखेलबाट र्‍याली सुरु हुनेछ । र्‍यालीमा जिल्ला भरिका एक हजार बढीको सहभागिता रहने उनले बताए । यो दोस्रो चरणको आन्दोलन रहेको नेपालले बताए ।

# श्रीनगर उपशाखाले मनायो प्राथमिक उपचार दिवस




**पाल्पा, भदौ २३**/नेपाल रेडक्रस सोसाइटी श्रीनगर उपशाखा तानसेनले विश्व प्राथमिक उपचार दिवस मनाएको छ ।

हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिवार विश्व रेडक्रसकर्मीहरूले विश्व प्राथमिक उपचार दिवस मनाउदै आएका छन् । सोही क्रममा उपशाखाले जनता नमुना माध्यमिक विद्यालयको छात्रावासमा प्राथमिक उपचार दिवस मनाएको हो । दिवसका अवसरमा प्राथमिक उपचार शिक्षा र केही उपचारका विधिहरू विद्यार्थीहरूलाई सिकाइएको थियो । रेडक्रसका प्राथमिक उपचार प्रशिक्षक पुष्कर राज रेग्मी र संजित थापाले विद्यार्थीहरूलाई प्राथमिक उपचार परिचय, क्षोव , रक्तश्राव, हात भचाइँ र घाटीमा अड्किनुको प्राथमिक उपचार गर्ने सरल तरिका सिकाएका थिए । नेपाल रेडक्रस सोसाइटी श्रीनगर उपशाखाले विभिन्न विद्यालयमा रेडक्रस परिचय र प्राथमिक उपचार शिक्षा प्रदान गर्दै आइरहेको छ ।

कार्यक्रम उपशाखाका सभापति पुष्कर राज रेग्मीको सभापतित्व, कोषाध्यक्ष विक्रम सिंहको स्वागत, विद्यालयका शिक्षक अशोक घिमिरेको समन्वय र उपकोषाध्यक्ष संजित थापाको सञ्चालनमा कार्यक्रम भएको थियो । प्रशिक्षणमा ४५ जना विद्यार्थीहरूको सहभागीता रहेको थियो ।

## खेलकुद समाचार

# नेइमारले तोडे पेलेको सर्वाधिक गोलको रेकर्ड



**काठमाडौं,** भदौ २३/ब्राजिलका फुटबल खेलाडी नेइमारले लेजेन्ड पेलेको सर्वाधिक गोलकर्ताको कीर्तिमान तोडेका छन् । शनिबार ब्राजिलले बोलिभियालाई ५-१ ले हराउँदा नेइमारले दुई गोल गरेका छन् ।

ब्रजिलका लागि १२५ औं खेल खेलेका नेइमारले पहिलो हाफमा पेनाल्टी मिस गरेका थिए । तर दोस्रो हाफमा दुई गोल गरे र पेलेको ७७ गोलको रेकर्ड तोडे । ब्राजिलका लागि नेइमारले गरेको गोल संख्या ७९ पुगेको छ । 'यो रेकर्डमा पुग्छु भनेर कहिल्यै सोचेको थिइन' ३१ वर्षका नेइमारले भने, 'म पेले वा राष्ट्रिय टिमका अरु खेलाडी भन्दा राम्रो होइन ।' पेले, जसको गत डिसेम्बरमा ८२ वर्षको उमेरमा निधन भएको थियो, उनले १९५७ देखि १९७१ को अवधिमा ९२ खेलमा ७७ गोल गरेका थिए । नेइमार २०१७ मा बार्सिलोनाबाट २०० मिलियन पाउण्डमा पेरिस सेन्ट जर्मेन जाँदा विश्वकै सबभन्दा महंगा फुटबलर बनेका थिए । उनी हाल साउदी प्रो लिग टिम अल हिलालमा छन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## कर्पोरेट/अर्थ समाचार

# शाइन रेसुङ्गाका ग्राहकलाई नयाँ सेवा

SHINE RESUNGA DEVELOPMENT BANK LTD.
National Level Development Bank

**पाल्पा,** भदौ २३/शाइन रेसुङ्गा विकास बैंकका सेवाग्राहीहरुका लागि थप नयाँ सेवा सञ्चालनमा आएको छ । बैंकका ग्राहकले नेपालको पहिलो डिजिटल वालेट आइएमई पे मा अब सजिलै क्यास लोड गर्न सक्ने नयाँ सुविधा पाउने भएका हुन् ।

विभिन्न वित्तीय संस्थासँग आबद्ध भइ सेवाग्राहीहरुलाई विद्युतीय भुक्तानी सहज गराउने उद्देश्यका साथ आइएमई पेले शाइन रेसुङ्गा विकास बैंकसँग सम्झौता गरेको छ । सो सम्झौता अन्तर्गत अब शाइन रेसुङ्गा विकास बैंकका सेवाग्राहीहरुले बैंकको मोबाईल बैंकिङबाट सिधै आइएमई पेमा पैसा लोड गर्न सक्नेछन् । 'आइएमई पे ले ग्राहकहरूको सुविधाको लागि सुरक्षित तथा नव प्रवर्द्धन सेवाहरूको माध्यमबाट क्यास-लेस सोसाइटी निर्माणमा थप प्रोत्साहन गर्नमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । बुटवलमा केन्द्रीय कार्यालय रहेको शाइन रेसुङ्गा बैंक राष्ट्रियस्तरको विकास बैंक हो । प्रविधिमैत्री सेवा सञ्चालन गर्दै आएको बैंकले विभिन्न अवार्डहरु पाउन सफल भएको छ । बैंकले गत वर्ष न्यु विजनेस एज प्रालिले आयोजना गरेको प्रतिस्पर्धामा बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक अवार्ड हात पारेकने थियो भने यस वर्ष इमर्जिङ एशिया बैंकिङ अवार्ड-२०२२ हात पारेको छ । बेस्ट पर्फमेन्स अन प्रोफिटाबिलिटी र बेस्ट पर्फमेन्स अन ग्रोथ क्याटेगोरिजका आधारमा बैंक उत्कृष्ट हुँदै अवार्ड जित्न सफल भएको हो । ५ अर्ब अधिकृत पुँजी र ४ अर्ब २८ करोड चुक्ता पुँजी भएको बैंकका देशभर ८८ वटा शाखा, एउटा एक्सटेन्सन काउन्टर र १६ वटा एटीएम सञ्चालनमा रहेका छन् ।

# आज बीपी जयन्ती...

...प्रधानमन्त्रित्व कालमा उनले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्दै किसानको पक्षमा महत्वपूर्ण कार्यक्रम घोषणा गरेका थिए । विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दीगृहमा बन्दी बनाइयो । विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताएका थिए । भारतमा निर्वासित भएर प्रजातन्त्र पुन:स्थापनाका पक्षमा संघर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको प्रवाह नगरी विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उनी स्वदेश फर्किएका थिए ।

उनले अपनाएको राष्ट्रिय मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक छ । क्यान्सर रोगले बीपीको विसं २०३९ साउन ६ गते निधन भएको थियो । उनले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुर्‍याएका छन् ।

मनको आवाज.............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई